# सांस्कृतिक संस्थान

(राष्ट्रिय नाचघर)

जमल, काठमाडौ

## सूचना

प्रकाशित मितिः २०८३/०२/१३

दोस्रो पटक प्रकाशित मितिः २०८३/०२/२२

तेस्रो पटक प्रकाशित मितिः २०८३/०३/०३

चौथो पटक प्रकाशित मितिः २०८३/०३/१२

सांस्कृतिक संस्थान को क्यान्टिन सेवा सञ्चालनका लागि इच्छुक तथा योग्य फर्म/कम्पनीहरूबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।दरभाउपत्र पेश गर्न इच्छुक पक्षहरूले आवश्यक कागजात सहित मिति २०८३/०३/२६ गते १२:०० बजे भित्र सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।दरभाउपत्र सम्बन्धी विस्तृत जानकारीका लागि संस्थानको वेबसाइट www.sanskritiksansthan.gov.np मा हेर्न सकिनेछ । साथै कार्यालय समयमा संस्थानको कार्यालयमा सम्पर्क गरी थप जानकारी लिन सकिनेछ ।

**सांस्कृतिक संस्थान**

काठमाडौं, नेपाल

महाप्रबन्धक

**सांस्कृतिक संस्थान**
**जमल, काठमाडौं ।**

**चमेना गृह सञ्चालन सम्बन्धी शर्तहरुः**

१) चमेना गृहबाट उपलब्ध हुने खाद्य तथा पेय पदार्थको दररेट प्रचलित बजार रेट भन्दा बढी हुन नपाउने र सेवाग्राहीलाई उपलब्ध गराउने खाद्य तथा पेय पदार्थको विवरण र सो को मूल्य तयारी गरी सांस्कृतिक संस्थान बाट स्वीकृत गराएर मात्र लागू गर्नु पर्नेछ ।
२) चमेना गृह सांस्कृतिक संस्थानको समय तालिका अनुसार सञ्चालन गर्नु पर्नेछ ।
३) चमेना गृहमा स्वस्थ, पोषणयुक्त, गुणस्तरीय र ताजा खाद्य तथा पेय पदार्थ मात्र बिक्री वितरण गर्नु पर्नेछ ।
४) बिक्री गरिने खाद्य तथा पेय पदार्थको मूल्य सूची स्पष्ट रुपमा देखिने गरी राख्नु पर्नेछ ।
५) खाद्य स्वच्छताको आधारमा होटल तथा रेष्टुरेन्ट स्तरीकरण गर्ने सम्बन्धी निर्देशिका, २०७४ बमोजिम चमेना गृह परिसर सधै सफा र व्यवस्थित हुनु पर्दछ र चमेना गृहमा काम गर्ने कर्मचारीहरु स्वस्थ र सफा हुनु पर्दछ ।
६) चमेना गृह सञ्चालनको लागि आवश्यक पर्ने विद्युत महसुल चमेना गृह सञ्चालक आफैले व्यहोर्नु पर्नेछ ।
७) चमेना गृह सञ्चालकले सांस्कृतिक संस्थानका नीति नियम र निर्देशनहरु अनिवार्य पालना गर्नुपर्नेछ।
८) संस्कृतिक संस्थाले दिएका निर्देशनहरु बारम्बार पालना नगरेमा चमेना गृह सञ्चालक सँग गरिएको सम्झौता संस्कृतिक संस्थानले जुन सुकै बखत भंग गरी प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ ।
९) चमेना गृह सञ्चालनका लागि चाहिने फर्निचर, विद्युतीय सामाग्री, Sanitary Ware लगायत डेकोरेशन सम्बन्धी सामानहरु सञ्चालक आफैले व्यवस्था गर्नुपर्नेछ ।
१०) सांस्कृतिक संस्थानले उपलब्ध गराएको चमेना गृहको साविक संरचनालाई थप आकर्षण बनाउन इच्छुक भएमा सांस्कृतिक संस्थानको स्वीकृति लिई आल्मुनियम वा सो सरहका अस्थायी प्रकृतिका सामानहरु मात्र प्रयोग गर्न पाउने।

- कुल क्षेत्रफल
- किचन क्षेत्रफल- ११ फिट x १३ फिट = १४३ वर्ग फिट
- काउन्टर क्षेत्रफल- १० फिट x ९ फिट = ९० वर्ग फिट
- सिटिङ एटिक क्षेत्रफल- १० फिट x ११ फिट = ११० वर्ग फिट
- हल नजिक/बाहिर क्याफे क्षेत्रफल- ५ फिट x १५ फिट = ७५ वर्ग फिट
- स्टोर क्षेत्रफल- ४.५ फिट x ८ फिट = ३६ वर्ग फिट रहनेछ ।
- कुल क्षेत्रफल = ४५४ वर्ग फिट

महाप्रबन्धक

## घरभाडा र विद्युत महशुल सम्बन्धी शर्तहरु:

- भाडा रकम र मिटरमा उठेको युनिटको आधारमा प्रचलित दर अनुसारको विद्युत महशुल वापत हुन आउने रकम प्रत्येक महिनाको अन्त्यमा संस्थानले तोकेको बैंक खातामा जम्मा गर्नु पर्नेछ ।
- तोकिएको अवधिमा घरभाडा वा विद्युत महशुल नबुझाएमा प्रचलित कानून बमोजिम संस्थानले निर्णय गर्नेछ ।
- कबोल गरको भाडामा वार्षिक ५ प्रतिशतका दरले भाडा रकम वृद्धि हुनेछ । चमेना गृह सञ्चालनको सम्झौता अवधि २ बर्षको हुनेछ। अर्को खरिद प्रकृयाको टुंगो नलागेसम्म संस्थानले आवश्यक ठानेमा सो अवधि बढाउन सक्नेछ ।

## कार्यसम्पादन जमानत सम्बन्धी शर्तहरु:

- सम्झौता गर्ने समयमा बोलपत्र दाताले कबोल रकमको ५% प्रतिशतले हुन आउने रकम कार्यसम्पादन जमानत बैक ग्यान्टी वा नगद धरौटीको रुपमा संस्थानमा पेश गर्नुपर्नेछ। यो जमानत करार अवधि समाप्त भएपछि र बोलपत्र दाताले आफ्नो दायित्व पुरा गरेपछि मात्र फिर्ता गरिने छ।

## पेश गर्नुपर्ने कागजातहरुः-

- फर्म/ व्यावसाय/कम्पनी दर्ता प्रमाणपत्र
- स्थायी लेखा नम्बर (PAN) / मूल्यअभिवृद्धि कर (VAT) दर्ताको प्रमाण पत्र
- आ.व.२०८१/८२ को करचुक्ता प्रमाण पत्र वा आय विवरण दाखिला गरेको प्रमाण
- रु.१००० को सांस्कृतिक संस्थानको निम्न खातामा जम्मा गरेको दस्तुर रसिद ।
  Account holder name: SANSKRITIK SANSTHAN
  Account Number: 10200105200013
  Branch: Jamal branch

## बोलपत्रदाता छनोटको आधारः-

कर समेत न्यूनतम मासिक भाडा रु ३७,१३० (अक्षरूपी सैतिस हजार एक सय तिस) मात्र भन्दा बढी कबोल गरेको आधारमा बोलपत्रदाता छनोट गर्न सकिने छ ।

## बोलपत्र खोल्ने मिति र समय

मितिः२०८३/०३/२६ गते

समयः दिनको २ बजे

उक्त दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट सोहि समयमा खोलिने छ ।

महाप्रबन्धक